

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन १७ गते बिहीबार ❑ 29 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकी प्रदेशसभामा तीन विधेयक प्रस्तुत

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

गण्डकी प्रदेशसभाको बुधबारको बैठकमा तीन विधेयक प्रस्तुत भएका छन् । उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले 'गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक' प्रदेशसभामा पेस गर्नुभएको हो ।

'गण्डकी प्रदेशमा बीउबिजनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक' प्रदेशसभाको सामाजिक विकास तथा कृषि समितिका सभापति फणीन्द्र देवकोटाले समितिको प्रतिवेदनसहित प्रदेशसभामा पेस गर्नुभएको हो । यस्तै 'गण्डकी प्रदेशमा आमसञ्चारसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक' प्रदेशसभाको प्रदेश मामिला तथा कानुन समितिका सभापति चम्पादेवी खड्काले समितिको प्रतिवेदनसहित प्रदेशसभामा प्रस्तुत गर्नुभएको हो ।



बीउबिजन र आमसञ्चार सम्बन्धी विधेयक गत भदौ ३० गते प्रदेशसभामा दर्ता भई दफाबार छलफलका लागि विषयगत समितिमा पठाइएको थियो । विज्ञसहित सरोकार भएका पक्षहरूसँगको सघन छलफल र परामर्शपछि संशोधनसहित समितिबाट पारित भएको विधेयक प्रदेशसभामा प्रस्तुत गरिएको सामाजिक विकास तथा कृषि समितिका सभापति देवकोटाले बताउनुभयो । प्रदेश मामिला तथा कानुन समितिका सभापति खड्काले समितिका सदस्य, सम्बन्धित मन्त्रालयका पदाधिकारी, आमसञ्चार क्षेत्रका विज्ञलगायत सरोकार भएका पक्षसँगको रायसुझावलाई विधेयकमा समेटिएको बताउनुभयो ।

विधेयकमाथि दफावार छलफलका लागि पटकपटक समितिको बैठक बसेको उहाँको भनाइ छ । दुवै विधेयक प्रदेशसभामा सामान्य छलफलपछि पारित हुने जनाइएको छ । गत माघ २९ गतेको प्रदेश मन्त्रिपरिषद् बैठकको निर्णयबमोजिम 'गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक' आज प्रदेशसभामा पेस भएको हो ।

बैठकमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले यही हिउँदे अधिवेशनमा गण्कडी प्रदेश सडक विधेयक, जीवनाशक विषादी व्यवस्थापन विधेयक, जनस्वास्थ्य विधेयक, भूमि विधेयक, घरेलु मदिरासम्बन्धी विधेयक, खाद्य, विद्युत्, जलस्रोतलगायत विधेयक ल्याइने बताउनुभयो । विभिन्न नियमावली संशोधनका लागि सरकारले स्वीकृत प्रदान गरेको उल्लेख गर्दै उहाँले आवश्यकता पहिचान भएका कानुन निर्माण गर्ने कार्य प्रदेश सरकारको प्राथमिकतामा रहेको बताउनुभयो । मुख्यमन्त्री पाण्डेले कानुनी प्रबन्धसँगै प्रदेश सरकारले तय गरेका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आफूहरू केन्द्रित रहेको उल्लेख गर्नुभयो ।

## माओवादीले तोक्यो प्रदेश इन्चार्ज, कार्यविभाजनमा नेता शर्माको असहमति

**रासस**
काठमाडौं, १६ फागुन

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले नेताहरूको कार्यविभाजन टुङ्ग्याएको छ । पार्टी मुख्यालय पेरिसडाँडामा बुधबार सम्पन्न स्थायी समिति बैठकले नेताहरूलाई प्रदेशको इन्चार्ज र सह-इन्चार्जको जिम्मेवारी तोकेको हो ।

माओवादीले कोशी प्रदेशको इन्चार्जमा हरिबोल गजुरेल र सहइन्चार्जमा साबित्रीकुमारी काफ्ले, मधेसको इन्चार्जमा सचिव लीलामणि पोखरेल र सहइन्चार्जमा स्थायी समिति सदस्य विश्वनाथ साह, बागमतीको इन्चार्जमा उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटालाई तोकेको छ ।

गण्डकी प्रदेशको इन्चार्जमा सचिव दीनानाथ शर्मा, सहइन्चार्जमा केन्द्रीय सदस्य हरिराज अधिकारी, लुम्बिनीको इन्चार्जमा चक्रपाणि खनाल र सहइन्चार्जमा स्थायी समिति सदस्य कुलप्रसाद केसी, कर्णालीको इन्चार्जमा कालिबहादुर मल्ल तथा सुदूरपश्चिम प्रदेशको इन्चार्जमा उपमहासचिव गिरिराजमणि पोखरेल र सहइन्चार्जमा केन्द्रीय सदस्य बीना मगरलाई तोकिएको प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो ।

बैठकले प्रवास प्रदेश समिति (मध्यपूर्व) इन्चार्जमा उपाध्यक्ष पम्फा भुसाल, भारत इन्चार्जमा लक्ष्मण पन्त र सहइन्चार्जमा टिबी पाठक, युरोप-अमेरिका इन्चार्जमा सुरेन्द्रकुमार कार्की तथा विशेष प्रदेश समिति इन्चार्जमा हितमान शाक्य र सहइन्चार्जमा यशोदा सुवेदीलाई तोकेको छ । केही प्रदेशको सहइन्चार्ज तोक्न बाँकी रहेको उहाँले बताउनुभयो । बैठकले सङ्घीय, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिलाई आ-आफ्नो निर्वाचित जिम्मेवारीअनुसार कार्यरत रहने निर्णय गरेको छ ।

कार्यविभाजनलाई लिएर माओवादीका उपमहासचिव जनार्दन शर्माले असहमति प्रकट गर्नुभएको छ ।

बैठकले आगामी चैत १ गतेदेखि गर्ने भनिएको मधेस तराई राष्ट्रिय जागरण अभियान आगामी चैत १५ गतेदेखि गर्ने निर्णय गरेको छ । समय अपुग भएकाले तयारीका लागि उक्त अभियान १५ दिनपछि सारिएको प्रवक्ता सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार बैठकले हिमाल, पहाड, मधेस राष्ट्रिय एकता अभियान वैशाख १५ देखि सञ्चालन गर्ने निर्णयसमेत गरेको छ ।

बैठकमा मिटरब्याजी, लघुवित्त समस्याका बारेमा वार्ता भइरहेकाले त्यसलाई सार्थक निष्कर्षमा पुऱ्याउन सरकारको ध्यानाकर्षण गराएको छ । साथै दुग्ध किसानलगायत समस्या तत्काल समाधान गर्न सरकारसँग आग्रह गरेको प्रवक्ता सापकोटाले जानकारी दिनुभयो ।

## ६५ पूर्वाधार आयोजना बहुवर्षीय ठेक्कामा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

गण्डकी प्रदेशका ६५ सडक तथा पुल आयोजनालाई बहुवर्षीय ठेक्कामा लैजान आर्थिक मामिला मन्त्रालयले स्वीकृति प्रदान गरेको छ ।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले एक सय २० पूर्वाधार आयोजनालाई बहुवर्षीय आयोजनामा समेटी स्रोत सुनिश्चित गर्न सो मन्त्रालयमा प्रस्ताव गरेको थियो । मन्त्रालयका प्रवक्ता एवं यातायात व्यवस्था महाशाखा प्रमुख टीकाराम पौडेलले बहुवर्षीयमा छानिएका आयोजनाको ठेक्का प्रक्रिया सुरु भइसकेको जानकारी दिनुभयो । "मन्त्रालयले प्रस्ताव गरेका एक सय २० आयोजनामध्ये ६५ आयोजनाको बहुवर्षीय ठेक्काका लागि स्रोत सुनश्चित भइसकेको छ, बाँकी आर्थिक मामिला मन्त्रालयमा अध्ययनको क्रममा छन्", उहाँले भन्नुभयो । बढीमा रु २५ करोड लागतसम्मका आयोजना बहुवर्षीय ठेक्काका लागि स्वीकृत भएको प्रवक्ता पौडेलले बताउनुभयो । उहाँका अनुसार रु पाँच करोडभन्दा कम लागतका ३३ र रु पाँच करोडभन्दा धेरै लागतका आयोजनाको सङ्ख्या ३२ रहेको छ ।

बहुवर्षीय ठेक्काका लागि कास्कीका आठ, गोरखाका छ, तनहुँका आठ, नवलपुरका १०, पर्वतका चार, बागलुङका आठ, मुस्ताङको एक, मनाङका दुई, लमजुङका छ, स्याङ्जाका आठ र म्याग्दीका चार आयोजना छनोटमा परेका हुन् । "आगामी तीन आर्थिक वर्षसम्मका लागि आयोजनाको बजेट सुनिश्चित गरिएको छ, यसबाट आयोजना निर्माणले गति लिने र समयमै सम्पन्न हुने विश्वास लिइएको छ", प्रवक्ता पौडेलले भन्नुभयो, "थप आयोजनालाई पनि बहुवर्षीय ठेक्कामा लैजाने गरी तयारी भइरहेको छ, आर्थिक मामिला मन्त्रालयबाट स्वीकृत भएर आउन बाँकी छ ।"

बहुवर्षीय ठेक्काका लागि स्वीकृत भएका सडक, पक्की पुल र झोलुङ्गे पुलका लागि रु पाँच अर्ब ४९ करोड ६४ लाख ५१ हजार बराबरको बजेट सुनिश्चित भएको मन्त्रालयले जनाएको छ। अधिकांश तीन वर्षका र केही दुई वर्षका आयोजना बहुवर्षीय ठेक्कामा जाने प्रवक्ता पौडेलले जानकारी दिनुभयो । चालु आवमा टुक्रे योजना कटौती गरेको मन्त्रालयले बहुवर्षीय आयोजना छनोट प्रक्रियालाई पनि थप व्यवस्थित बनाएको उहाँको भनाइ छ ।

सङ्घ सरकारले पठाएका टुक्रे प्रकृतिका योजनासमेत फिर्ता गरेर त्यहाँको बजेट दायित्व सिर्जना भइसकेका ठूला आयोजना लागि व्यवस्थापन गरिने भएको छ । सङ्घ सरकारले चालु आवमा रु ३० लाखभन्दा कम बजेटका एक सय ७४ वटा योजनाका लागि रु १६ करोड २५ लाख विनियोजन गरेको थियो । सो बजेट दायित्व सिर्जना भएका सङ्घीयका आठवटा सडक आयोजनामा रकामान्तरण गरिएको मन्त्रालयले जनाएको छ ।

## 'विकास निर्माणमा राजनीति नगरौँ'

**पोखरापत्र संवाददाता**
वालिङ, १६ फागुन

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले विकास निर्माणमा राजनीति नगर्न आग्रह गर्नुभएको छ । स्याङ्जाको चापाकोट नगरपालिकाले आज चापाकोट-८ रत्नपुरमा आयोजना गरेको प्रस्तावित प्राकृतिक स्रोत व्यवस्थापन कलेज सञ्चालनसम्बन्धी छलफल कार्यक्रममा उहाँले सो आग्रह गर्नुभएको हो ।

"विकास निर्माण गर्दा सबैलाई समान ढङ्गले समेट्नु पर्छ, सबै जना हातेमालो गरेर अगाडि बढ्नुपर्छ, यसमा राजनीति गर्नु हुँदैन", उहाँले भन्नुभयो । सबै दल मिलेर


बाँकी अन्तिम पृष्ठमा ▶▶


## एमाले 'मिसन ८४' मा छ - अध्यक्ष ओली

**रासस**
काठमाडौं, १६ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले एमाले हाल 'मिसन-८४' लाई प्रमुख लक्ष्य बनाएर अघि बढेको बताउनुभएको छ । 'मिसन ८४' अर्थात् विसं २०८४ मा हुने निर्वाचनमा देशको सबैभन्दा ठूलो दल बन्ने लक्ष्यका साथ एमाले अघि बढेको उहाँको भनाइ थियो ।

बुधबार विराटनगर आउनुभएका पूर्वप्रधानमन्त्री ओलीले विमानस्थलमा सञ्चारकर्मीहरूसँग सङ्क्षिप्त कुराकानी गर्दै सो धारणा राख्नुभएको हो । उहाँले वर्तमान गठबन्धन सरकारले सरकार टिकाउने काममा मात्र लागेको आरोप पनि लगाउनुभयो । साथै अध्यक्ष ओलीले नेपाली कांग्रेस ठूलो पार्टी भएर पनि मुलुकको विकासमा समयानुकूल अघि बढ्न नसकेको बताउनुभयो । पूर्वप्रधानमन्त्रीओलीलेभ्रष्टाचारको आरोप लागेका सरकारी ओहोदामा रहेकाहरूले राजीनामा दिएर सत्यतथ्य छानबिन गर्नका लागि सहयोग गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले प्राकृतिक सम्पदाले भरिपूर्ण हाम्रो मुलुकमा यथोचित विकास नहुनु दुःखद भएको भन्दै सरकार मुलुकको विकास र सुशासनमा जनताको मागअनुसार अघि बढ्न नसकेको बताउनुभयो ।

अर्को एक प्रसङ्गमा उहाँले एमाले सत्य निरुपण तथा मेलामिलाप विधेयक पारित गर्ने पक्षमा रहेको पनि स्पष्ट पार्नुभयो ।

## प्रभावकारी बन्दै 'सुन्तला बगैँचा व्यवस्थापन प्रोत्साहन सहयोग' कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

पोखरा महानगरपालिकाले सञ्चालन गरेको 'सुन्तला बगैँचा व्यवस्थापन प्रोत्साहन सहयोग' कार्यक्रम प्रभावकारी बन्दै गएको छ । सुन्तला प्रशस्त फल्ने गरेका भरतपोखरी, हङ्सपुर, पुरञ्चौरलगायत स्थानमा 'सिक्टस ग्रिनिङ' (सुन्तलामा लाग्ने रोग, जसले उत्पादन घटाउँछ) सङ्क्रमणका कारण एक दशक अघि खेती सखाप भएको थियो ।

यहाँका फेदीपाटन, दोपहरे, खर्च्याङ, मास्पाटनलगायत स्थानमा भने अहिले पनि सुन्तला खेती गरिँदै आइएको छ । यहाँका सुन्तलामा असिनाका कारण क्षति पुगे पनि अन्य रोगजन्य सङ्क्रमण भने देखिएको छैन ।

सुन्तला भएका स्थानलाई लक्षित गरी पोखरा महानगरपालिकाले यहाँको वडा नं २१ र २२ मा चार वर्षदेखि सुन्तला बगैँचा व्यवस्थापन प्रोत्साहन सहयोग कार्यक्रम सञ्चालन गर्दै आएको महानगरका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । कार्यक्रमसँगै परम्परागत रूपमा सुन्तला खेती गर्दै आएका किसानले बगैँचा व्यवस्थापनमा ध्यान दिन थालेको उहाँले बताउनुभयो ।

कार्यक्रमअन्तर्गत प्रोत्साहन अनुदान प्राप्त गर्नका लागि किसानले मलखाद, बोडो पेस्ट, बोडो मिक्स्चर स्प्रे गरी छापो प्रयोग गर्नुपर्दछ । अघिल्लो वर्षसम्म उक्त प्रक्रिया पूरा गरेका किसानलाई प्रतिबोट रु एक सय उपलब्ध गराएको महानगरले यस वर्ष प्रतिबोट रु एक सय ५० उपलब्ध गराउने भएको छ ।

आवश्यक प्रक्रिया पूरा गर्नका लागि ३५ दिने समयावधिसहित माघ मसान्तसम्म समय दिएर सूचना निकालिएको जानकारी दिँदै कडरियाले प्राप्त निवेदन अनुसार आवश्यक मापदण्ड पूरा गरेका किसानलाई अनुगमन पश्चात् सहयोग उपलब्ध गराइने जानकारी दिनुभयो । यसवर्ष लगभग २५ हजार बोटका लागि प्रोत्साहन अनुदान प्रदान गरिने उहाँले बताउनुभयो ।

उक्त कार्यक्रम लागू भएपछि सुन्तला उत्पादनमा पनि वृद्धि भएको किसान बताउँछन् । असिनाको प्रकोप व्यहोर्न नपर्ने हो भने यस क्षेत्रमा सुन्तलाबाट मनग्य आम्दानी हुने गरेको उनीहरूको भनाइ छ । कार्यक्रमअन्तर्गत अघिल्लो वर्ष किसानलाई लगभग रु २५ लाख प्रोत्साहन अनुदान उपलब्ध गराइएको प्रमुख कडरियाले जानकारी दिनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रतिभाले जित्यो एक्सपर्ट पोखरा कप क्रिकेटको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

एक्सपर्ट एजुकेशन पोखरा कप विद्यालयस्तरीय क्रिकेट प्रतियोगिताको उपाधि प्रतिभा माध्यमिक विद्यालयले जितेको छ।

बुधबार पोखरा रंगशालाको क्रिकेट मैदानमा भएको फाइनल खेलमा अमरसिंह माध्यमिक विद्यालयलाई ३८ रनले पराजित गर्दै प्रतिभाले उपाधि जितेको हो।

पोखरामा पहिलो पटक भएको प्रतियोगितामा उपाधि जित्दै इतिहास बनाएको प्रतिभाले ८० हजार रुपैयाँ बराबरको क्रिकेट किटसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। फाइलनमा प्रतिभासँग स्तब्ध अमरसिंहले ४० हजार रुपैयाँ बराबरको क्रिकेट किटसहित ट्रफी, मेडल र प्रमाणपत्रमा चित्त बुझायो। प्रतिभाले दिएको १७३ रनको लक्ष्य पछ्याएको अमरसिंह




निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १३४ रन मात्रै बनाउन सफल भयो।

अमरसिंहका कल्याण कुमालले सर्वाधिक ३१ रन बनाए । विवश रानाभाटले २७, कल्यान कुमालले ३१, बिमोचन सापकोटाले २१ रनको योगदान दिएपनि जितका लागि पर्याप्त भएन । बलिङमा प्रतिभाका सन्देश गिरी, निश्चल श्रेष्ठ, कुशल अधिकारी र सत्कार अधिकारीले १/१ एकएक विकेट लिए । यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको प्रतिभाले निर्धारित २० ओभरमा ३ विकेट गुमाउँदै १७२ रन बनाएको थियो।

प्रतिभाका लागि बब्लु शाहले अर्धशतक प्रहार गरे । उनले ५३ बलमा ५२ रन बनाएर आउट भए। राहुल शर्माले २०, रोशन पौडेलले १६, रोहन चन्दले १९ र निश्चल श्रेष्ठले २० रनको योगदान दिए। बलिङतर्फ अमर सिंहका रिजन गिरीले २ र कृतज्ञ अधिकारीले १ विकेट लिए । प्रतिभाका बब्लु शाह फाइनल खेलको प्लेयर अफ द म्याच घोषित भए। अमरसिंहका सुमन पन्त प्लेयर अफ द सिरिज बने। उनले ७ हजार ५ सय रुपैयाँको साथमा ट्रफी प्राप्त गरे। सगरमाथा माध्यमिक विद्यालयका सिब्रिन श्रेष्ठ उत्कृष्ट ब्याटर र गण्डकी बोर्डिङ स्कुलका समीर पौडेल उत्कृष्ट बलर बने । उनीहरुले जनही ५ हजार रुपैयाँ प्राप्त गरेका छन्।

विजेता खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद् सदस्य राजेश गुरुङ, गण्डकी क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देल, आयोजक संस्था बि-बग इभेन्टका अध्यक्ष विशाल सुवेदीले पुरस्कार प्रदान गरे । एक्स्पर्ट एजुकेसन एण्ड भिसा सर्भिसको मुख्य प्रायोजनमा फागुन ९ गतेदेखि सुरु प्रतियोगितामा पोखरामा १२ विद्यालय सहभागी भएका थिए।

# पोखरा स्पोर्ट्स अवार्डमा गण्डकी प्रदेश सरकार र पोखरा महानगरको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गर्ने आठौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डमा गण्डकी प्रदेश सरकारको साथ रहने भएको छ।

मञ्चको टोलीसँगको भेटमा गण्डकी प्रदेशकी सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशिला सिंखडाले विगतका संस्करणमा झै यसपाली पनि मञ्चको अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको साथ रहने प्रतिवद्धता जनाएको मञ्चका अध्यक्ष दीननाथ बरालले जनाए । 'मन्त्रीज्यूले प्रदेश सरकारले विगतमा गर्दै आएको सहयोगलाई निरन्तरता दिन्छ, तपाईंहरु ढुक्क हुनुहोस् भनेर भन्नुभयो, अब हामी थप तयारीमा जुट्छौं र अवार्डलाई भव्य बनाउँछौं' अध्यक्ष बरालले भने। मन्त्री सिंखडालाई भेट गर्न मञ्चका अध्यक्ष बराल सहित महासचिव राजाराम पौडेल, पूर्व सल्लाहकार सुर्दशन रञ्जित, सदस्य रोहीतराज पराजुली र कृष्ण दवाडी, मञ्चका शुभचिन्तक नविन सिग्देलको टोली मन्त्रालयमा पुगेको थियो । यसअगाडि मञ्चको टोलीले पोखरा महमनगरपालिकाकाप्रमुखधनराज आचार्यसँग समेत भेट गरेको थियो । प्रमुख आचार्यले पनि विगतमा गरिदै आएको



सहयोगलाई निरन्तरता दिने प्रतिवद्धता जनाइसकेका छन्। उनले पोखरा स्पोर्ट्स अवार्ड गण्डकी प्रदेशको खेल क्षेत्रको लागि महत्वपूर्ण इभेन्ट भएको र प्राविधिक कारणबस रातो किताबमा समावेश हुन नसकेको भएपनि सहयोग निरन्तर रहने आगामी आर्थिक वर्षमा रातो किताब समावेश गर्ने समेत बताएका थिए । प्रमुख आचार्यसँगको भेटमा मञ्चका अध्यक्ष बराल, महासचिव पौडेल, सचिव शशी कुमार पौडेल, सदस्य पराजुली सहित पुर्व सल्लाहकार सन्देश श्रेष्ठ, सदस्य दीपक गोदार र नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदी सहभागी थिए । स्पोर्टस अवार्डमा प्रदेश सरकारको विशेष सहयोग गर्दै आएको छ भने पोखरा महानगरपालिकाले प्रवर्द्धन गर्दै आएको छ। मञ्चले आगामी बैशाख २१ गते शुक्रबार अवार्ड कार्यक्रम गर्ने निर्णय गरिसकेको छ । अवार्ड कार्यक्रमलाई भव्य बनाउन तयारीमा तीव्रता दिइएको महासचिव राजाराम पौडेलले जनाए । खेलाडी तथा खेल क्षेत्रमा क्रियाशिललाई उर्जा थप्न मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको हो। अवार्ड कार्यक्रम मार्फत वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने महासचिव पौडेलले जनाए। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो । यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो । देश संघीयतामा गएसँगै यसलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गरिएको हो । हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन्।

# सामुदायिकको रक्तदानमा ६६ युनिट रगत

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा-१२, माटेपानीको आयोजनामा हालै भएको रक्तदान कार्यक्रममा कुल ६६ युनिट रगत संकलन भएको छ।

कार्यक्रम शुभारम्भ गर्दै कास्की प्रहरी प्रमुख, प्रहरी उपरीक्षक मोहनकुमार थापाले रक्तदान महादान भएको उल्लेख गर्दै सामुदायिक सेवा केन्द्रले सराहनीय कार्य गरेको औंल्याउनु भयो । पोखरा ११ का वडा अध्यक्ष प्रेमप्रसाद कर्माचार्यले सामुदायिक सेवा केन्द्र माटेपानीले रचनात्मक गतिविधिलाई प्राथमिकता दिँदै आइरहेको स्मरण गर्दै रक्तदान मानवीय सेवाको कार्य भएको धारणा राख्नु भयो । सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा-१२ का अध्यक्ष धर्मराज आचार्यले सबैको साथ




सहयोगबाट केन्द्रले गतिविधि सञ्चालन गरिरहेको स्पष्ट पार्दै आगामी दिनमा पनि यस्ता गतिविधिलाई निरन्तरता दिने प्रतिबद्धता गर्नुभयो। कार्यक्रममा सामुदायिक सेवा केन्द्र जिल्ला समन्वयका वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्र बजगाईं, केन्द्रका निवर्तमान अध्यक्ष मीरादेवी आचार्य, पूर्व अध्यक्ष बलबहादुर कार्की, लायन्स क्लब अफ पोखरा गतिशील स्टारका अध्यक्ष नवराज पौडेल लगायतले वोल्नु भएको थियो । प्रादेशिक रक्तसञ्चार सेवा केन्द्र पोखराको प्राविधिक सहयोगमा कार्यक्रम भएको हो । लायन्स क्लब अफ पोखरा गतिशील स्टार, युनिटी टोल विकास संस्था, आमा समूह, जनएकता युवा क्लब तथा रेडक्रस उपशाखा पोखरा १४ को सहयोग रहेको थियो। केन्द्रका अध्यक्ष आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा सामुदायिक प्रहरी सेवा माटेपानीका उपाध्यक्ष शिवप्रसाद बरालले स्वागत, सदस्य कोपिला श्रीसले कार्यक्रम संयोजन एवं सचिव बाबुराम सापकोटाले सञ्चालन गर्नुभएको थियो।

# विकास ...

मुलुकको समृद्धिका लागि अघि बढ्नुपर्ने मन्त्री गुरुङको भनाइ थियो।

एक दलले अर्को दललाई शत्रु ठान्ने प्रवृत्ति बढ्दै जानु गलत भएको मन्त्री गुरुङले उल्लेख गर्नुभयो । "पछिल्लो समय नेपाली राजनीतिमा गलत प्रवृत्ति बढ्दै गएको छ", उहाँले भन्नुभयो।

छ ल प ल म । सर्वोच्च अदालतका न्यायाधीश तिलप्रसाद श्रेष्ठ, गण्डकी प्रदेशसभाका पूर्वसदस्य भागवतप्रकाश मल्ल, वन तथा कृषि क्याम्पस चितवनका डीन डा अर्जुन श्रेष्ठ र चापाकोटका नगर प्रमुख देवबहादुर खाँणले चापाकोटमा कृषि क्याम्पसको आवश्यकता र महत्वबारे धारणा राखेका थिए।

# रोजगारी सिर्जना गर्न पोखरा १३ मा आगामी शुक्रबार जब फेयर

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

पोखरा १३ मा आगामी शुक्रबार जब फेयर कार्यक्रम हुने भएको छ। पोखरा महानगरपालिका वडा नं. १३ कार्यालयको आयोजनामा उक्त कार्यक्रम हुने भएको हो।

वडामा भएका बेरोजगार युवायुवतीलाई लक्षित गरी उक्त कार्यक्रम राखिएको वडाध्यक्ष किरण बरालले जानकारी गराए। उनका अनुसार जब फेयरमा विभिन्न १२ वटा स्टलबाट रोजगारी सिर्जना गर्ने गरी प्रशिक्षण गराइनेछ। वडामा भएका कोहि पनि युवा अब बेरोजगार बस्न नपर्ने वातावरण सिर्जना गर्ने उद्देश्य स्वरुप उक्त कार्यक्रम गर्न लागिएको उनले बताए। 'अहिलेको सबै भन्दा प्रमुख समस्या भनेकै रोजगारी सिर्जना हो । वडामा भएका बेरोजगार युवायुवतीलाई रोजगार दिलाउने गरी वडाले जब फेयर कार्यक्रमको अवधारणा अगाडि सारेको हो।', 




उनले भने।

लायन्स र लियो क्लब पोखराको सहकार्यमा उक्त फेयर हुने वडाध्यक्ष बरालले जानकारी गराए। शुक्रबार वडा कार्यालयमा नै बिहान ९ बजेदेखि साँझ ४ बजेसम्म उक्त कार्यक्रम राखिएको छ। जब फेयर मार्फत वडाका बेरोजगार युवाहरुले रोजगार पाउनेमा वडाध्यक्ष आशावादी देखिन्छन् । वडाका नागरिकको आयस्तर सुधार्न पनि जब फेयर कार्यक्रम सहयोग बन्ने उनले बताए । भौतिक विकास सँगै आर्थिक विकासमा समेत सुधार ल्याउने ध्येय बमोजिम जब फेयर कार्यक्रम राखिएको उनको भनाई छ । बरालले जब फेयर कार्यक्रममा उपस्थित भएर लाभ लिन वडाबासीलाई आग्रह गरेका छन्। उनका अनुसार उक्त फेयरमा उत्पादन देखि प्रविधिमैत्री विषयमा जानकारी मिल्नेछ। वडाले यसअघि पनि फरक ढङ्गको कार्यक्रम गर्दै आएको छ । प्रविधिमैत्री वातावरणलाई आत्मसात् गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र भौतिक विकासमा वडाको क्रियाशिलता लोभलाग्दो छ।

# 'भलिबल अक्षयकोष'मा प्रवासीको ४६ लाख सहयोग


**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ फागुन

म्याग्दीमा स्थापना भएको 'भलिबल अक्षयकोष' मा प्रवासी म्याग्देलीबाट रु ४६ लाख ५१ हजार सहयोग प्राप्त भएको छ। म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) बेलायतको सहयोगमा जिल्ला भलिबल सङ्घको अक्षयकोषमा सो रकम जम्मा भएको हो।

मोना बेलायतका अध्यक्ष कुमार फगामीले बेनीमा आयोजित कार्यक्रममा उक्त रकम सांसद खमबहादुर गर्बुजामार्फत सङ्घका अध्यक्ष तेजेन्द्र बानियाँलाई हस्तान्तरण गर्नुभयो । यसैगरी मोना कुवेतका प्रतिनिधि चन्द्र गोतामेले संस्थाको तर्फबाट रु ५० हजार हस्तान्तरण गर्नुभयो। संस्थागत रुपमा रु पाँच लाख सहयोग गरेको मोना बेलायतले ८३ दातामार्फत थप रु ३८ लाख ६१ हजार सहयोग गरेको अध्यक्ष बानियाँले जानकारी दिनुभयो । कोषका लागि भलिबल सङ्घका पदाधिकारी र सदस्यले रु एक लाख तथा जापानमा व्यवसाय गर्ने मोना अन्तर्राष्ट्रियका अध्यक्ष दधीवल खड्काले रु एक लाख सहयोग गर्नुभएको छ। "कोषको रकम वृद्धि गरेर रु एक करोड पुऱ्याउने लक्ष्य छ", अध्यक्ष बानियाँले भन्नुभयो । गत असारमा म्याग्दी भलिबल क्लब बेलायतको निमन्त्रणामा बेलायत पुगेका अध्यक्ष बानियाँको प्रस्तावअनुसार मोना बेलायतले अगुवाइ गरेर सहयोग जुटाएको हो।


## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ
**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरिलिअस्

## सम्पादकीय

# दादुराविरुद्ध खोप अभियान

सरकारले दादुरा-रुवेलाको सङ्क्रमणको जोखिमलाई दृष्टिगत यही फागुन १३ देखि चैत ७ गतेसम्म जाजरकोट र पश्चिमरुकुमबाहेकका ७५ जिल्लामा खोप अभियान सञ्चालन गरेको छ । कास्की सहित गण्डकी प्रदेशका ९ जिल्लामा दादुरा तथा रुबेला खोप लगाउन सुरु गरिएको छ । आइतबारदेखि हिमालपारीका २ जिल्ला मनाङ र मुस्ताङ बाहेक गण्डकी प्रदेशका कास्की सहित ९ जिल्लामा दादुरा तथा रुबेला खोप लगाउन सुरु भएको गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयले जनाएको छ । दादुरा तथा रुबेला खोप अभियान अर्न्तगत गण्डकी प्रदेशका २ लाख ५३ हजार ३५ जना बालबालिकाहरुलाई खोप लगाइने भएको निर्देशनायलका बरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक हेमन्त शर्मा पौडेलले बताए ।

उक्त अभियान सफल पार्न प्रदेशमा २ हजार ८ सय ८९ वटा खोप सेसन हुदै छ भने २ हजार ८ सय ८९ जना स्वास्थ्यकर्मी खटिएको निर्देशनायलका बरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक हेमन्त शर्मा पौडेलले जनाए । उक्त अभियानलाई सफल पार्न ५ हजार ७ सय ७८ स्वयं सेवक परिचालित हुनु भएको छ । चैत ७ गते भित्र उक्त सङख्याका बालबालिहरुलाई दादुरा तथा रुबेला खोप लगाइने अभियान सुरु भएको निर्देशनालयले जनाएको छ । समुदायमा रहेका लक्षित समूहको कुनै पनि बालबालिकाहरु यो खोप बाट वञ्चित नहुन् भनी बढी सजगता अपनाइएको बरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक पौडेलले बताए । मनाङ र मुस्ताङमा फागुनको अन्तिम साता देखि चैतको पहिलो सातासम्म उक्त खोप अभियान संचालन हुने भएको हो । गण्डकी प्रदेशमा १० जिल्लाहरुमा दादुरा रुबेला खोप अभियानमा ९ महिना पुरा गरेका र ५ वर्ष भित्र उमेर समूहका सबै बालबालिकाहरुलाई दादुरा रुबेलाको खोप र नियमित खोप लगाउन छुट भएका ५ वर्ष मुनिका बालबालिकाहरुलाई छुट खोपको मात्रा समेत प्रदान गर्ने व्यवस्था मिलाईएको छ । नेपालको खुल्ला सिमाना, धेरै मानिसहरुको बसोवास र चहलपहल भएकोले उक्त रोग शंक्रमणको उच्च जोखिम रहेकोले १५ बर्ष उमेर समुहका किशोरकिशोरीहरुमा उक्त खोप लगाउन लागिएको उनले बताए ।

विगत ४५ वर्ष देखि दादुराको खोप र बिगत १२ वर्ष देखि रुबेला समेत संयुक्त रुपमा दादुरा रुबेलाको खोप नेपाल भित्रका १६ हजार भन्दा बढी खोप केन्द्रबाट दिदै आइएको छ र सन २००४ देखि हालसम्म हरेक ४/४ वर्षमा अभियानको रुपमा पनि यो खोप लगाइदै आईरहेको छ । कहिलेकाही नेपालमा दादुराको महामारी फैलिने गरेकोले, यस प्रकारको खोप अभियान अझै बढी प्रभावकारी ढंगले गर्नुपर्ने टड्कारो आवश्यकता रहेको विज्ञहरु बताउछन् । यस वर्षमा समेत नेपालका कुल १८ जिल्लाहरुमा २० बटा महामारी फैलिई करिब १ हजार ३ सय जना उक्त रोगबाट प्रभावित हुन पुगेका छन् । गण्डकी प्रदेश समेत यस महामारीबाट अछुतो रहन सकेन । हालै मात्र तनहुँको शुक्लागण्डकी नगरपालिकामा दादुरा रुबेलाको महामारी देखा परेको थियो ।

अभियानअन्तर्गत काठमाडौं जिल्लाका पाँच लाख ९७ हजार तीन सय पाँचजना बालबालिकालाई खोप लगाइने वरिष्ठ जनस्वास्थ्य प्रशासक डा भुवन पौडेलले जानकारी दिए । उनले ती वालबालिकालाई एक हजार छ सय ७० खोप केन्द्रबाट खोप लगाइने बताए । पहिले विद्यालयलाई नै खोप केन्द्र बनाउने र खोपको अन्तिम दिन वडा कार्यालयमा रहेका स्वास्थ्य संस्थामा खोप लगाइने उनले बताए । बिहान १० देखि दिउँसो ४ बजेसम्म खोप अभियान सञ्चालन हुनेछ । यस्तै ५१ जिल्लाका नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिका खोप अभियान सहभागी हुनेछन् । भारतसँग सीमा जोडिएका दादुरा-रुवेलाको अतिसङ्क्रमित २१ जिल्ला तथा काठमाडौं उपत्यकाका काठमाडौं, भक्तपुर र ललितपुर गरी २४ जिल्लामा नौ महिनादेखि १५ वर्षमुनिका र ५१ जिल्लामा नौ महिनादेखि पाँच वर्षमुनिका बालबालिकालाई खोप लगाइने छ । गत वर्ष काठमाडौं जिल्लामा दादुरा-रुवेला फैलिँदा दुई सय २५ जना सङ्क्रमित र एकजनाको मृत्यु भएको थियो । गत वर्ष १९ जिल्लामा यो महामारीका रूपमा फैलिएको थियो ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वस्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# फिस्टेल ओपन हाउस शनिबारबाट हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

पोखरा १७, मा रहेको फिस्टेल एकेडेमी माध्यमिक विद्यालयले यही फागुन १९ गतेबाट फिस्टेल ओपन हाउस कार्यक्रम सञ्चालन गर्न लागिरहेको छ ।

गुणस्तरीय एवम् विश्वबजारले माग गरेअनुसारको शिक्षा प्रदान गर्दै आइरहेको विद्यालय अतिरिक्त क्रियाकलापमा समेत अब्बल रहेको छ । यो विद्यालय पोखराकै एक मात्र आई.बी.पी.वाई.पी. प्रस्तावित प्रगतिशील विद्यालय हो । यस विद्यालयमा मन्टेस्वरीदेखि कक्षा १२ सम्मको पढाइ सञ्चालन भइरहेको छ। आई.बी.पी.वाई.पी. शिक्षण पद्धति तथा विद्यालयका समग्र गतिविधिका बारेमा नयाँ र पुराना सबै अभिभावकहरूलाई जानकारी दिने उद्देश्यले कार्यक्रम गर्न लागिएको कुरा विद्यालयका संस्थापक अध्यक्ष चिनु रानाभाटले बताए ।

शनिबार हुने कार्यक्रममा अभिभावकहरूले विद्यालय भ्रमण गरी आवश्यक जानकारी लिन सक्ने छन् । यस्तै नमुना कक्षाको प्रदर्शनी, विद्यार्थीहरूद्वारा तयार पारिएका सामग्रीहरूको प्रदर्शनी (क्त्भः प्रदर्शनी) का साथै विभिन्न सांस्कृतिक कार्यक्रम पनि प्रदर्शन गरिने छ । यसैगरी विभिन्न खेलकुदका कार्यक्रम र फुड स्टलहरूको प्रदर्शनीसमेत रहेको कुरा विद्यालयका सहायक प्रधानाध्यापक कमल लामिछानेले जानकारी दिए ।

शनिबार सञ्चालन हुने कार्यक्रममा राष्ट्रिय स्तरमा ख्यातिप्राप्त व्यक्तिहरूको समेत उपस्थिति रहने छ भने विद्यालय भ्रमणको कार्यक्रम यही फागुन १९ गते शनिबारबाट चैत्र मसान्तसम्म निरन्तर चलिरहने छ ।

# माता पाथिभरा सहकारीका अध्यक्ष श्रेष्ठ जेल चलान

**रासस**
पर्वत, १६ फागुन

पर्वत सदरमुकाम कुश्मामा सञ्चालित माता पाथिभरा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष किशोर श्रेष्ठ पुर्पक्षका लागि जेल चलान भएका छन् ।

जिल्ला अदालत पर्वतमा मङ्गलबार भएको थुनछेक बहसपछि श्रेष्ठलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश भएको हो । जिल्ला न्यायाधीश विद्याराज पौडेलको आदेशले उक्त फैसला सुनाएको श्रेस्तेदार राजु ढुङ्गानाले जानकारी दिनुभयो ।

श्रेष्ठसँगै कपास सफ्टवेयरका सञ्चालक प्रतिमान पौडेललाई पनि पुर्पक्षका लागि जेल चालन गर्न आदेश भएको छ । सहकारी ठगीमा श्रेष्ठ २० दिनदेखि प्रहरी हिरासतमा रहेका थिए भने यसअघि तपाईं हाम्रो बहुउद्देश्यीय सहकारी र ग्रामीण विकास कृषि सहकारी संस्थाको ठगी प्रकरणमा प्रतिमान पौडेल पुर्पक्षका लागि थुनामै थिए । जिल्ला प्रहरी कार्यालय पर्वतका अनुसार माता पाथिभरा बचत तथा ऋण सहकारीले बचतकर्ताको रकम हिनामिना गरेको जनाउँदै बचतकर्ता अर्जुनकुमार श्रेष्ठलगायतले मुद्दा दायर गरेका थिए । सहकारी रजिष्ट्रार कार्यालयले अनुसन्धान गर्दा उक्त सहकारीमा रु ११ करोड ११ लाख ९० हजार तीन सय २२ हिनामिना गरेको आरोप बचतकर्ताको छ । सहकारीका अन्य २३ जना सञ्चालक भने फरार सूचीमा छन् । यसअघि कुश्माको तपाईं हाम्रो बहुउद्देश्यीय सहकारी संस्थाका दुईजना र ग्रामीण विकास कृषि सहकारी संस्थाका छजना पुर्पक्षका लागि थुनामा रहेका छन् ।

# विमा लेख हरायो

**साविक प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको हिमालयन लाइफ इन्स्योरेन्स लि.मा निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नाम: जेनिश पंगेनी**

**ठेगाना: देबचुली-१०, नवलपरासी**

**विमा लेख नं. PLI १६१०००१०१०**

**सम्पर्क : हिमालय लाइफ इन्स्योरेन्स लिमिटेड**

**पोखरा शाखा ०६१-५७४४५०**

# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२ र १३ अर्न्तगत रहेको श्री भद्रकाली मन्दिर धार्मिक क्षेत्रको माथि मन्दिर परिसरमा निर्माणाधिन रिटेनिङवाल सहित प्रदक्षिणा मार्गमा निम्न अनुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः भद्रकाली मन्दिर संरचना स्तरोन्नती
ठेगानाः पोखरा-१२/१३
आयोजनाको उद्देश्यः रिटेनिङ्गवाल सहित प्रदक्षिणा मार्ग बनाउने
योजना सम्झौता मितिः २०८०/०८/२० गते
योजना शुरु मितिः २०८०/०८/२० गते
योजना सम्पन्न हुने मितिः २०८०/११/१५ गते
योजना सम्पन्न भएको मितिः २०८०/११/१० गते
योजनाको कुल लागतः रु. ७,७२,८२९/९५
सामाजिक विकास कार्यालयवाट प्राप्त हुने अनुदानः रु.७,००,०००/-
उपभोक्ता समितिको तर्फवाट व्यहोरिएको रकमः रु.७२,८२९/९५
अध्यक्षः योगेन्द्रमान श्रेष्ठ सम्पर्क नंः ९८५६०२४३१०

**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति कुँडहर**
**पोखरा- १२/१३, कास्की**

# कृषिमा स्वयत् क्रान्तिको चर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

बागलुङमा वार्षिक झण्डै एक करोड ५५ लाख ९९ हजार दुई सय लिटर दूध उत्पादन हुने गरेको छ । जुन उत्पादन जिल्लाको जनसङ्ख्याका लागि पुग्ने हो ।

विश्व खाद्य सङ्गठनको मापदण्ड अनुसार एकजनाका लागि वार्षिक ९१ लिटर दूध आवश्यकता हुन्छ । एक लाख ६८ हजार सात सय १३ जनसङ्ख्या रहेको जिल्लामा वार्षिक एक कारोड ५३ लाख ५२ हजार आठ सय ८३ लिटर दूध भएपुग्छ । आवश्यकताभन्दा प्रतिव्यक्ति वार्षिक १.४६ लिटर दूध बढी उत्पादन भइरहेको जिल्लाले अझै पनि दुग्धजन्य उत्पादनबाट आयआर्जन गर्न सक्ने कृषि विज्ञको भनाइ छ । बागलुङको सर्वसिद्धिधाम पञ्चकोटमा सञ्चालित अनन्तश्री ब्रह्माण्डीय महायज्ञमा मङ्गलबार आत्मनिर्भरमुखी राष्ट्रिय कृषि सम्मेलन भएको थियो । सम्मेलनमा सहभागी विज्ञहरूले स्वयात् क्रान्ति अर्थात दूध र दुग्धजन्य उत्पादनबाट लिन सकिने लाभको विषयमा चर्चा गर्नुभयो । अत्मनिर्भर हुनेगरी कृषि कर्म गर्दा हरित क्रान्ति र स्वयात् क्रान्तिको आवश्यकता रहेको उहाँहरूको भनाइ थियो ।

सम्मेलनमा गण्डकी प्रदेशका कृषि मन्त्रालयअन्तर्गतका कृषि विज्ञ, बागलुङ, पर्वत र म्याग्दीका कृषि ज्ञान केन्द्र र भेटेरिनरी तथा पशुसेवा विज्ञ केन्द्रका विज्ञका साथै स्थानीय किसानको उपस्थिति थियो । गण्डकी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयका प्रदेश सचिव डा टङ्कप्रसाद प्रसाइँले कृषिमा दुई क्रान्तिको आवश्यक रहेको बताउनुभयो । उहाँले कृषिको विकासका लागि हरित र स्वयात् क्रान्तिको आवश्यकता रहेको बताउनुभयो । सचिव प्रसाइँले हरित क्रान्तिमार्फत कृषि क्षेत्रमा ताजा तरकारी, करेसाबारीको व्यवस्थापन, व्यावसायिक तरकारी खेतीका साथै आवश्यक खाद्यान्न उत्पादन र फलफूलखेती गर्नुपर्ने भन्दै स्वयात् क्रान्तिमार्फत दुग्धजन्य पदार्थ उत्पादनको लागि पशुपालन र दूध उत्पादन प्रशस्त मात्रामा गरिनुपर्ने बताउनुभयो ।

"मनाङ, मुस्ताङ र कास्कीमा उत्पादन न्यून छ । यी तीन जिल्लामा उत्पादनमा जोड दिनुपर्ने अवस्था छ । ती जिल्लामा विशेष कार्यक्रम लागू गर्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो, "गोरखा, लमजुङ, तनहुँ, पर्वत, स्याङ्जा र बागलुङ जिल्लामा खाद्यान्न आवश्यकस्तरमा उत्पादन हुन्छन् । गण्डकी प्रदेश पर्यटकीय र धार्मिक पर्यटकीय प्रदेश भएकाले बाहिरबाट आउने पर्यटकलाई प्रयाप्त मात्रमा स्थानीयस्तरमा उत्पादित खाद्यान्न खुवाउनको लागि उत्पादन बढाउनुपर्ने हुन्छ ।"

प्रदेशमा स्थानीय जातका अन्नबाली बढाउनुपर्ने देखिएको छ । "खाद्यान्नबाली, तरकारी, फलफूलखेती गर्दै उत्पादनमा जोड दिनुपर्ने अवस्था देखिएको छ । दूध उत्पादनमा पनि प्रदेशले विशेष जोड दिनुपर्छ", डा प्रसाइँले भन्नुभयो । उत्पादन बढाउनका लागि सामूहिकताको खेतीलाई विस्तार गर्नुपर्ने र भूमिको विकास गर्दै व्यावसायिक खेती गर्नु अहिलेको अपरिहार्य देखिएको उहाँको भनाइ छ । गण्डकी प्रदेश सरकारले दुग्ध व्यवसाय, सुन्तला बगैंचा स्थापना, तरकारी खेती, कुखुरापालन, बाख्रापालन, स्याउखेती, नमुना कृषि गाउँ, कृषि पर्यटन केन्द्रीत कार्यक्रमलाई प्राथमिकता दिएर काम गरिरहेको छ । स्थानीय जातका अन्नबालीलाई व्यावसायिक गराएर आत्मनिर्भर बनाउने तर्फ प्रदेश लागेको छ ।

आत्मनिर्भर बनाउनको लागि कृषि उत्पादन मात्र भएर नहुने बताउँदै प्रशोधन उद्योगको स्थापना गरिनुपर्नेमा सचिव प्रसाइँले जोड दिनुभयो । "कृषि उत्पादन मात्र हुँदैन प्रशोधन उद्योग आवश्यक पर्छ", उहाँले भन्नुभयो, "त्यसका लागि कोलस्टोर निर्माण, दुग्ध चिस्यान, सङ्कलन केन्द्र , पशु र कृषि बीमा कार्यक्रमलाई जोड दिनु आवश्यक छ ।" स्थानीय विकासका लागि सिँचाइ सुविधाको आवश्यकता रहेको बताउँदै सिँचाइ कार्यक्रमलाई सँगसँगै लैजानुपर्नेमा सचिव प्रसाइँले जोड दिनुभयो । वैज्ञानिक प्रविधिको प्रयोग गरेर स्थानीय जातका कृषि बालीलाई प्रोत्साहन र स्थानीय जातका पशुको संरक्षण गरिनुपर्ने उहाँको भनाइ छ । "विज्ञानमा आधारित प्रविधिलाई प्रवर्द्धन, स्थानीय जातका कृषि बालीलाई प्रशोधन गर्दै, पशुको पनि संरक्षण गर्नुपर्छ," प्रसाइँले भन्नुभयो, "वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्दै उत्पादकत्व बढाउन कृषि मन्त्रालयल अगाडि बढीरहेको छ । स्थानीय गाईको संरक्षणका लागि गौशालाको कार्यक्रम सञ्चालन गरिरहेको छ ।" उहाँले बाँझो जग्गालाई कृषि भूमियोग्य जमिन बनाउने बारेमा प्रदेश सरकार चिन्तित रहेको बताउनुभयो । प्रसाइँका अनुसार प्रदेश सरकारले उत्पादित खाद्यान्नको मूल्यलाई स्थिरता ल्याउने, रोगको सङ्क्रमणलाई उन्मूलन गर्न खोप कार्यक्रम अगाडि बढाएको छ । जलवायु परिवर्तन अनुकूल हुनेगरी प्रदेशले कृषि कार्यक्रम बढाइरहेको उहाँले बताउनुभयो ।

सम्मेलनमा नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले जमिनलाई बाँझो नराख्न सुझाव दिनुभयो । उहाँले जे गर्दा पनि जमिनबाट उत्पादन हुने बताउँदै बाँझो जमिनलाई कृषि भूमिको रूपमा प्रयोग गरेर उत्पादन बढाउनुपर्ने बताउनुभयो ।

सभापति शर्माले सुविधाको खोजीमा नेपाली युवा विदेशी रहेको बताउँदै संस्कार सुधारेर देश विकासमा लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले नेपाली बैद्धिक सनातन धार्मिक स्वतन्त्रताका पक्षपाती रहेको बताउनुभयो ।

स्वामी मुक्तिनाथ बाबा कमलानयन आचार्यले माटोको पहिचान गरेर उत्पादन गरेमा नेपाली खाद्यान्नको लागि परनिर्भरता बन्नुपर्ने बताउनुभयो । "भारतबाट सागसब्जी नआउने हो भने हाम्रो उपाय लाग्दैन", उहाँले भन्नुभयो, "परनिर्भरतामा हामी परआश्रित भएर बाच्नुपरेको छ । विभिन्न ठाउँको माटोको पहिचान गरेर उत्पादन गर्ने हो भने हामी परनिर्भरता बन्नुपर्ने थिएन ।"मङ्गलबार सम्पन्न आत्मनिर्भरमुखी राष्ट्रिय कृषि सम्मेलनमा गण्डकी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ भानुभक्त भट्टराई, बागलुङ, पर्वत र म्याग्दीका कृषि र पशु कार्यालयका कृषि तथा पशुपक्षी विज्ञहरूका साथै किसानको उपस्थिति थियो ।

# पर्वतमा तेस्रो राष्ट्रिय मगर महोत्सव

**पोखरापत्र संवाददाता**
पर्वत, १६ फागुन

पर्वतमा 'तेस्रो राष्ट्रिय मगर महोत्सव' मङ्गलबारदेखि सुरु भएको छ । ४२औं राष्ट्रिय मगर दिवसको अवसर पारेर पुन युवा क्लब पर्वतले महोत्सव आयोजना गरेको हो ।

यही फागुन २६ गतेसम्म सञ्चालन हुने महोत्सवको पूर्वस्वास्थ्यमन्त्री एवं नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक पदम गिरीले उद्घाटन गर्नुभएको छ । महोत्सव उद्घाटन गर्दै प्रमुख सचेतक गिरीले मुलुकको आर्थिक अवस्था विस्तारै सुधार हुँदै जाने दाबी गर्नुभयो । इतिहासको कालखण्डमा नेपालको अर्थतन्त्र सबैभन्दा नाजुक अवस्थामा पुगेको बताउँदै उहाँले विस्तारै अर्थतन्त्र चलायमान हसँदै गएकाले आर्थिक अवस्था पनि सुधार हुँदै जाने बताउनुभयो । प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका गिरीले विश्वका विकसित देशहरू पनि आर्थिक सङ्कटपछि विकासको चरम गतिमा अघि बढेका भन्दै नेपाल पनि अब आर्थिक हिसाबले समृद्ध बन्दै जाने बताउनुभयो । सबै राजनीतिक दलहरू एकजुट भएर मुलुकको विकास र समृद्धिमा लाग्नुपर्ने उहाँको भनाइ थियो ।

"मुलुकमा सङ्कट आइपरेका बेला सबै दलहरू एकजुट हुन आवश्यक छ । अहिलेको आर्थिको मन्दिको सामना गर्नका लागि सरकारले उचित कदम चाल्नुपर्ने हुन्छ । देशका सबै जिम्मेवार दल, नागरिक समाज एकजुट भएर राष्ट्र निर्माणमा लाग्नुपर्ने समय आएको छ", सांसद गिरीले भन्नुभयो । मगर समुदायको पहिचान र संस्कृतिलाई जगेर्ना गर्नका लागि यो महोत्सव महत्वपूर्ण रहेको भन्दै महोत्सवलाई सफल बनाउन सबैले सहयोग गर्न उहाँले आग्रहसमेत गर्नुभयो । महोत्सवमा विभिन्न व्यावसायिक, कृषि तथा घरेलु उद्यमका दुई सय २० स्टल राखिएका छन् । महोत्सवमा प्रवेशका लागि सर्वसाधारणलाई रु एक सय, विद्यार्थीका लागि रु ६० को टिकट र वृद्धका लागि निःशुल्क व्यवस्था गरिएको छ । महोत्सवमा विभिन्न विधाका ६० भन्दाबढी कलाकारको प्रस्तुति रहने आयोजकले जनाएको छ ।

महोत्सव उद्घाटन पूर्व कुश्मा बजारमा विभिन्न जातजाति, समुदाय र संस्कृतिका भेषभूषासहित र्‍याली प्रदर्शन गरिएको थियो । 'कला संस्कृतिको सम्वर्द्धनमा ऐक्यबद्धता, खेल, व्यापार, कृषि तथा पर्यटन प्रवर्द्धनमा मुख्य प्रतिबद्धता' भन्ने मूलनाराका साथ सुरु गरिएको महोत्सवमा मोफसलको सबैभन्दा ठूलो पुरस्कार राशिको खुल्ला अन्तरपालिका भलिबल प्रतियोगिता आयोजना गरिएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय पुरस्कार क्रमशः रु दुई लाख दुई हजार दुई सय २२, रु एक लाख एक हजार एक सय ११ र रु ५० हजार एक हजार ११ रहेको छ । त्यस्तै, पालिकास्तरीय विभिन्न प्रतियोगिताअन्तर्गत महिला भलिबल, प्रौढ भलिबल, पुर्ख्यौली नाच, रत्यौली र लोकभजन प्रतियोगिता आकर्षणको रूपमा रहेका छन् । महोत्सवमा रु ५५ लाख खर्च र रु ७५ लाख आम्दानी हुने अपेक्षा गरिएको आर्थिक संयोजक गणेश पुनले जानकारी दिनुभयो । उहाँका अनुसार मगर समुदायको पहिचानका रूपमा रहेका सोरठी, सालैजो, यानिमाया, सुनिमाया लगायतको प्रस्तुतिसमेत रहने छन् । बञ्जी, जीपलाइन, केबुलकार, झोलुङ्गे पुलको अवलोकन, हरेक दिन ख्यातिप्राप्त राष्ट्रिय कलाकारको प्रस्तुति रहने आयोजकले जनाएको छ ।

